महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समुह-नेपाल
Alliance Against Trafficking in Women and Children in Nepal

मितिः २०७० मंसिर १३

श्रीमान् सचिवज्यू,
कानून तथा मानवअधिकार प्रवर्द्धन महाशाखा,
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
काठमाडौं
नेपाल ।

## ज्ञापन-पत्र

**संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराधविरुद्धको महासन्धि अन्तर्गतको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने यू एन प्रोटोकल (इच्छाधिन आलेख) लाई अविलम्ब अनुमोदन गरियोस् ।**

आजको विश्वमा मानव बेचबिखन तथा ओसार पसार एक संगठित अपराधको रुपमा मौलाउदै गईरहेको छ । यो अपराधले विकासोन्मुख राष्ट्रको मानवअधिकार संरक्षणको सवाललाई ठाडै चुनौती दिइरहेको छ । मानव सभ्यताकै कलंकको रुपमा रहेको यो घृणित कार्य अन्त्य हुनुको सट्टा विभिन्न नयाँ स्वरुपहरुमा फष्टाउंदो अवस्थामा छ । यस्तो गम्भिर जघन्य अपराधका नाइकेहरु निर्धक्क हिडिरहेका छन भने प्रभावितहरु अमानवीय जीवन जीउन बाध्य छन ।
केही समय अघिसम्म भारतमा मात्र बेचिने हाम्रा देशका किशोरीहरु अहिले बैदेशिक रोजगारीको बहानामा अरब कतार, कुवेत इजरायल, साउदी अरब, दुवई जस्ता खाडी राष्ट्रहरुमा बेचिने क्रम दिनानुदिन बढ्दो छ । अझ ती राष्ट्रमा पुगेपछि पनि एउटै व्यक्ति पटक पटक बेचिएका खबरहरु बारम्बार आइरहेकै छन । अहिले विकराल रुपमा बढ्दै गैरहेको बेरोजगारी, वैदेशिक रोजगारीको लोभ लाग्दो आश्वासन र त्यस भित्र मौलाएका सपनाहरु, गरिबी महंगी, अशिक्षा, सामाजिक कुरिती, स्पष्ट कानुनी व्यवस्थाको अभाव आदि यसका प्रमुख कारणहरु हुन् ।
अन्तराष्ट्रिय श्रम संगठनले सन् २००२ मा सार्वजनिक गरेको तथ्यांक अनुसार नेपालमा प्रतिवर्ष १० देखि १२ हजार महिला तथा बालबालिकाको बेचविखन हुने गरेकोमा ५०% संख्या १६ वर्षमुनिका बालबालिका रहेको छ । तर अझै यो समस्याबाट पीडितको संख्या यकिन हुन सक्ने अवस्था छैन । गन्तव्य विस्तारको कारण शिक्षित वर्ग पनि यो समस्याबाट पीडित भैरहेको छ । अपराधीहरु दण्डित बन्नु सट्टा संगठित बन्दै गईरहेका छन । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको सन्दर्भमा महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समुह नेपाल (एटविन) यस यू एन प्रोटोकल (इच्छाधिन आलेख) लाई अविलम्ब अनुमोदन गर्न नितान्त आवश्यक भई सकेको छ ।

**यू एन प्रोटोकललाई नेपालले अनुमोदन गर्न किन आवश्यक छ ?**

- नीति कानुन लगायत मुलुकमा विद्यमान बेचबिखनविरूद्धका गतिविधिहरूलाई संस्थागत र सुदृढीकरण गर्न,
- मानव बेचबिखनविरुद्धका राष्ट्रिय कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्न,
- मानव बेचबिखनबाट प्रभावितहरूको पहिचान स्थापना, संरक्षण र सहयोगका लागि कानुनी व्यवस्थाहरूमा सुधार गर्न,
- प्रभावितहरूको संरक्षण र सहयोगका लागि संम्प्रेषण संयन्त्रहरूको व्यवस्था गर्न,
- मानव बेचबिखनबाट प्रभावितहरूको संरक्षण र सहयोगमा न्यूनतम मापदण्ड र मानवअधिकारको अवधारणाको पालना गर्न,
- प्रभावितहरूको लैङ्गिक संवेदनशीलता र बालबालिकाको विशेष आवश्यकतालाई ध्यानमा राख्न,
- पीडितहरुलाई पुनः पीडित हुनबाट जोगाउने नीति तथा कार्यक्रमको तर्जुमा गर्न,
- सार्वजनिक नीति व्यवस्थापनमा आपसी समझदारी र समन्वयको सुनिश्चितता गर्न,
- सरोकारवाला सबै सरकारी र गैर सरकारी संस्थाहरुबीच आपसी समन्वय र सहयोग कायम हुने गरी विभिन्न निकायहरूबीच समन्वय संयन्त्रको स्थापना गर्न,
- राष्ट्रिय रणनीतिहरु वा कार्ययोजनाहरूको अनुगमन तथा मूल्याङ्कनको सुनिश्चितता गर्न,
- अन्तर्राष्ट्रिय सहयोगमा अभिवृद्धिका लागि कानुनी आधारको निर्माण गर्न,
- सुपुर्दगी, आपसी कानूनी सहायता, सजाय तोकिएका व्यक्तिहरुको हस्तानान्तरण, संयुक्त अनुसन्धान, सम्पत्ति जफतमा अन्तर्राष्ट्रिय सहयोगका लागि राष्ट्रिय क्षमताको विकास र सुदृढीकरण गर्न,
- सञ्चार प्रकृया, सूचना तथा तथ्याङ्क आदान प्रदानका लागि औपचारिक र अनौपचारिक सहयोगको प्रवर्द्धन गर्न,
- साझा रणनीति तथा कार्यक्रमको विकास तथा कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरुद्वारा सहयोग र सहकार्य अभिवृद्धि गर्न,

मानव बेचबिखन संगठित गिरोहबाट सञ्चालित अन्तर्राष्ट्रिय समस्या भएकोले समाधानका लागि पनि अन्तर्राष्ट्रिय सहयोग र सहकार्य आवश्यक छ । यस प्रोटोकलले यसलाई टेवा पुऱ्याउछ । यस प्रोटोकलले बेचबिखनबाट प्रभावितको सहभागितामा उसको अधिकारको सुनिश्चितता गर्दै संरक्षणलाई विशेष जोड दिएको छ । यो प्रोटोकल नेपालको सन्दर्भमा उपयुक्त छ र यस प्रोटोकललाई अनुमोदन गरी कार्यान्वयन गर्न पहल गर्न सके बेचबिखनबाट प्रभावित महिला तथा बालबालिकाको अधिकार संरक्षण हुने एटविनको ठहर छ ।
आगामी दिनहरुमा प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयको तर्फबाट यस **यू एन प्रोटोकल (इच्छाधिन आलेख)** लाई अविलम्ब अनुमोदनकालागि प्रभावकारी पहल गरिदिनु हुन्कालागि हार्दिक अनुरोध गर्दै यो ज्ञापन पत्र हस्तान्तरण गर्दछौं ।

Bimala

श्री विमला ज्ञवाली
अध्यक्ष
महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समुह नेपाल (एटविन)

**एटविन सचिवालय, काठमाडौं फोन नं. ९७७-१-४२४०७०९, ४२२९७८७ फ्याक्स नं. ९७७-१-४२४०७०९ पो.ब.नं. २४९६० इमेल**
aatwin@ntc.net.np **वेभसाइटः** www.aatwin.org.np